## स्वास्थ्य क्षेत्रमा गरिएका कार्यहरू

१. २ आयुर्वेद सहित १३ अस्पतालहरूको स्तरोन्नति गरिएको।

२. शैया संख्या ३५० बाट ८०० पुऱ्याइएको।

३. २०५२ सालदेखी रोकिएको O & M सम्पन्न गरिएको।

४. ७०५ बाट १३२१ स्थायी दरवन्दी सिर्जना गरिएको।

५. करार सेवा, छात्रवृत्ति करार र विकास साझेदार समेतबाट गरी स्वास्थ्य मन्त्रालय अन्तरगत कुल २८६४ प्राविधिक कर्मचारी अस्थायी दरवन्दीमा कार्यरत रहेका।

६. १६ मध्ये ९ वटा प्रदेश अस्पतालहरूमा डायलायसिस सेवा संचालनमा ल्याइएको। विगतका वर्षमा रहेका waiting बिरामी ३०५ बाट झारेर ९३ कायम गरिएको। हाल प्रदेशभर डायलाईसिस गर्ने विरामीको संख्या ९९६ रहेको।

७. करिव साढे एक दर्जन कार्यविधि, नियमावली, मापदण्ड, गठन आदेश लगायतका कानून निर्माण गरिएको।

८. जनस्वास्थ्य सेवा ऐन, २०८२ चैत १६ गते बस्ने सदनबाट स्वीकृत हुने चरणमा रहेको।

९. आपतालहरूको स्तरोन्नति पश्चात गुणस्तरीय सेवा प्रदान भएको। सेवाग्राहीको संख्या विगत वर्षहरू भन्दा तेम्वरले बढेको।

१०. विभिन्न आश्रममा रहेका असहाय, आश्रित ६० वर्ष माथिका ज्येष्ठ नागरिक, १० वर्ष मुनिका बालबालिकाहरूको नि:शुल्क उपचारको व्यवस्था मिलाइएको।

११. बुर्तिवाङ, बागलुङ, स्याङ्जा, तनहुँ र मध्यविन्दुमा ट्रमा उपचार सेवा संचालन गरिएको।

१२. बौद्धिक अपाङ्गता, मानसिक रोग तथा बाँझोपनका बिरामीहरुको नि:शुल्क उपचारको व्यवस्था गरिएको।

१३. धौलागिरी प्रादेशिक अस्पतालमा CT Scan सेवा संचालन गरिएको। गोर्खा र मध्यविन्दु अस्पतालमा CT Scan सेवा संचालन गर्न CT Scam Mechine खरिद प्रकृया अगाडी बढेको।

१४. प्रदेश भित्रै AV Fistula र कृत्रिम हातखुट्टा निर्माण कार्य अगाडी बढाएको।

१५. नागरिक स्तरमै पुगेर सर्ने तथा नसर्ने रोगको स्कृनिङ गरिएको।

१६. मनाङ र मुस्ताङमा हाइ अल्टीच्युड सिकनेस सेन्टरको काम अगाडी बढाइएको।

१७. क्यान्सर उपचारका लागि ६ वटा अस्पतालहरूमा सम्झौता गरी क्षेत्र विस्तार गरिएको।

१८. जोखिमा परेका गर्भवती महिला तथा नवजात शिशुहरूको नि:शुल्क हेली उद्धारलाई व्यवस्थित गरिएको।

१९. अस्पतालको EMR र EHR प्रणालीको सुदृढीकरण गरिएको।

२०. पत्रकारहरुको नि:शुल्क स्वास्थ्य बीमा गरिएको।

२१. सहिद परिवार, द्वन्दपिडीत, वेपत्ता परिवार, जनआन्दोलनका घाईते, सशस्त्र आन्दोलन र मधेश आन्दोलनका घाइतेहरूको नि:शुल्क स्वास्थ्य बीमा गरिएको।

२२. आवश्यकता अनुसार स्थानीय तह अन्तरगत रहेका आधारभूत अस्पतालहहको स्तरोन्नतिको प्रकृया अगाडी बढाइएको।

२३. आगामी आ.व. देखी धौलागिरी अस्पताल बागलुङ र आँपपिपल अस्पताल गोरखामा चिकित्सा शिक्षाका कक्षाहरू संचालन गरिने गरी तयारी पूरा गरिएको।

२४. मनाङ र मुस्ताङ लगायत सबै प्रदेश अस्पतालहरूमा बिहान ७:० देखी बेलुका ७.०० बजेसम्म OPD सेवा संचालनमा आएको।

२५. गर्भवती महिलाहरूको दर्ता प्रकृया र उनीहरूको स्वास्थ्य निगरानी गर्ने प्रक्रिया विद्युतीय माध्यमबाट हुने प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको।

२६. संघीयताको मर्म अनुरूप मन्त्रालय र मातहत निकायको संरचनागत सुधार गरिएको।

२७. स्वास्थ्य क्षेत्रलाई थप सुदृढीकरण गर्न थप एम्बुलेन्सहरू आवश्यक भएको देखिएकोले एम्बुलेन्स खरिदका लागि बजेट विनियोजन गरिएको र सोहीअनुसार खरिद प्रकृया अगाडी बढाइएको।

२८. स्थानीयतहसँगको सम्बन्धलाई सुदृढ गर्ने तर्फ ध्यान दिइ सोका लागि बजेट तथा कार्यक्रम राखी कार्यान्वयनमा लगिएको।

२९. आकस्मिक रूपमा आइपर्ने स्वास्थ्य महामारी नियन्त्रणको लागि आवश्यक योजना सहित स्वास्थ्य विपद व्यवस्थापन कोष खडा गर्ने तयारी गरिएको।

३०. अस्पतालहरूका भवन निर्माणको कामलाई अगाडी बढाइएको। लमजुङ अस्पतालको अत्याधुनिक भवन निर्माणको लागी टेन्डर आव्हान भएको छ भने स्याङ्जा र तनहुँ अस्पतालको भवन निर्माणको काम आगामी आ.व. बाट सुरु गर्ने तयारी गरिएको।

३१. अस्पतालहरूको आर्थिक प्रशासनमा सुशासन कायम गर्न अस्पताल व्यवस्थापन समितिको आर्थिक कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइएको। उक्त आर्थिक कार्यविधिमा अस्पताल सुदृढीकरण कोष समेतको व्यवस्था गरिएको।